# अरुण गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ७ संख्याः १३ मितिः २०८१/०३/२३

**भाग-१**

**अरुण गाउँपालिका**

**अरुण गाउँपालिका, भोजपुरको**

# आर्थिक ऐन, २०८१

(गाउँ सभाबाट स्वीकृत मितिः २०८१/०३/१७)

आज्ञाले

मणिराम खतिवडा

प्रमुख प्रशासकीय अधिकृत

# अरुण गाउँपालिका, भोजपुरको

# आर्थिक ऐन, २०८१

**गाउँ सभाबाट स्वीकृत मिति : २०८१/०३/१७**

**प्रस्तावनाः**

अरुण गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "अरुण गाउँपालिकाको आर्थिक ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन २०८१ साल श्रावण १ गतेदेखि अरुण गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकीकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ ।

३. **घरधुरी र भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

४. **घर बहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छालाजस्ता वस्तुको व्यावसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ तर प्रदेश कानून स्वीकृत भइ सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ तर प्रदेश कानून स्वीकृत भइ सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ तर प्रदेश कानून स्वीकृत भइ सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाई असुल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१२. **ट्रेकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र र्‍याफ्टिङ शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र र्‍याफ्टिङ सेवा वा व्यवसाय सञ्चालन गरे बापत अनुसूची (११) बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. **सेवा शुल्कः** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ तर प्रदेश कानून स्वीकृत भइ सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **बिक्री तथा निकासी शुल्कः** अरुण गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरिढुङ्गा आदि प्राकृतिक एवं खानिजजन्य वस्तुहरुको बिक्री गर्न सक्नेछ साथै आफ्नो क्षेत्रभित्र उत्पादन भइ आफ्नो सिमा क्षेत्रभन्दा बाहिर निकासी हुने ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरिढुङ्गा आदि प्राकृतिक एवं खानिजजन्य वस्तुको बाह्य निकासीमा अनुसूची (१४) मा उल्लेख भए अनुसार दरमा बिक्री तथा निकासी शुल्क लगाइनेछ।

१६. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१७. **कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

१८. **दण्ड र जरिवाना :** यस ऐनको उल्लङ्घन गरे वापत हुने विभिन्न किसिमका दण्ड र जरिवाना यस ऐनमा उल्लिखित भएको अनुसूची (१५) मा व्यवस्था भए अनुसार हुनेछ ।

## अनुसूची-१
### (दफा २ सँग सम्बन्धित)
### सम्पत्ति कर

१. आगामी आ. व. २०८१/०८२ मा सम्पत्ति कर लगाउने सम्बन्धमा सम्भाव्यता अध्ययन गरिनेछ ।

## अनुसूची-२
### (दफा ३ सँग सम्बन्धित)
### घरधुरी र भूमि कर (मालपोत)

१. **घरधुरी र भूमि कर (मालपोत):-** गाउँपालिका क्षेत्रभित्र घरधुरी, भूमिकर,मालपोत कर अनुसूचीमा तोकिए बमोजिम लगाइने तथा असुल उपर गरिनेछ ।

| **क) मालपोत असुली दरः प्रतिरोपनी** | | | | |
|---|---|---|---|---|
| विवरण | अब्बल | दोयम | सिम | चाहार |
| खेत | १५ | १२.५ | १० | ७.५ |
| पाखातर्फ | १२.५ | १० | ७.५ | ५ |
| आवास पालिका केन्द्र, प्याउली बजार | २०० | | | |
| आवास वडा केन्द्र | १५० | | | |
| राजमार्ग दायाँ बायाँ आवास क्षेत्र | १०० | | | |

नोट — न्यूनतम मालपोत दर रु. २० /- कायम गरिएको छ। साथै खेतियोग्य जग्गा बाँझो राखेको भए तोकिएको दरमा १०० % (प्रतिशत) जरिवाना सहित असुल उपर गर्ने।

| **ख) घरधुरीकर :** | | | | |
|---|---|---|---|---|
| घरको प्रकार | पक्की | च्यादर | टायल | फुस |
| दर | ५०० | ५० | ५० | २५ |

## अनुसूची-३
### (दफा ४ सँग सम्बन्धित)
### घर बहाल कर

अरुण गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा देहाय अनुसार घर बहाल कर लगाइने र असुल उपर गरिने छ ।

| क्र.सं. | घर बहाल कर | कैफियत |
|---|---|---|
| १ | अरुण गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची सम्झौता रकमको १० प्रतिशतका दरले घर जग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ । | |

## अनुसूची-४
### (दफा ५ सँग सम्बन्धित)
### व्यवसाय कर

अरुण गाउँपालिकाको क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा देहाय बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछः-

१. व्यवसाय करको दररेट देहाय बमोजिम पारित गरिएको छः-

| सि.नं. | व्यवसायको नाम दर्ता/नवीकरण | करको दर | | | | |
|---|---|---|---|---|---|---|
| | | | श्रेणी क दर रु. | श्रेणी ख दर रु. | श्रेणी ग दर रु. | श्रेणी घ दर रु. |
| १ | किराना पसल दर्ता/नवीकरण | | १००० | ८०० | ५०० | |
| २ | थोक बिक्रेता | ३५०० | | | | |
| ३ | होटल एण्ड लज | ३००० | | | | |
| ४ | रेस्टुरेण्ट | १५०० | | | | |
| ५ | रेस्टुरेण्ट एण्ड बार | ५००० | | | | |
| ६ | होटल | १००० | | | | |
| ७ | मासु पसल | १००० | | | | |
| ८ | चिया नास्ता पसल | ५०० | | | | |
| ९ | मिठाई पसल | १००० | | | | |
| १० | कपडा पसल | | १००० | ८०० | ५०० | |
| ११ | फेन्सी तथा तयारी पोशाक पसल | १००० | | | | |
| १२ | श्रृंगार सामाग्री पसल | १००० | | | | |
| १३ | हार्डवयर पसल | | ५००० | ३००० | २००० | |
| १४ | भाँडावर्तन पसल | १००० | | | | |
| १५ | सुनचाँदी तथा गहना पसल | | ५००० | ३००० | २००० | |
| १६ | पत्रिका स्टेसनरी पुस्तक पसल | १००० | | | | |
| १७ | फोटो स्टुडियो | | १००० (कलर ल्याब) | ५०० | | |
| १८ | दन्त हस्पिटल | ५००० | | | | |
| १९ | निजी हस्पिटल, नर्सिङ होम | ५००० | | | | |
| २० | निजी क्लिनिक | ३००० | | | | |
| २१ | भेटेरीनरी चिकित्सा | १००० | | | | |
| २२ | चश्मा पसल | १००० | | | | |
| २३ | स्टिल फर्निचर पसल | १००० | | | | |
| २४ | काठको फर्निचर उद्योग | ३००० | | | | |
| २५ | ब्युटी पार्लर | १००० | | | | |
| २६ | टेलरिङ सेन्टर पसल | १००० | | | | |
| २७ | दुध बिक्रि वितरण डेरी | १००० | | | | |
| २८ | साईन बोर्ड बनाउने तथा आर्ट पसल | १००० | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २९ | घडि, रेडियो, क्यासेट, सिडी पसल इलेक्ट्रोनिक सामान बिक्री पसल | २००० | | | | |
| ३० | टिभि., रेफ्रीजेनेटर, कम्प्युटर, मोबाईल पसल | ३००० | | | | |
| ३१ | ग्यास डिलर | २००० | | | | |
| ३२ | बिजुलीका सामान बिक्री पसल | १००० | | | | |
| ३३ | मोटर पार्ट्स, मिल मेशिनरी | २००० | | | | |
| ३४ | कानूनी तथा प्राविधिक परामर्श सेवा | १००० | | | | |
| ३५ | लेखापढी व्यवसायी | १००० | | | | |
| ३६ | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने बाणिज्य बैंक | | २५००० | १५००० | १०००० | ५००० |
| ३७ | सहकारी बैंक | २५०० | | | | |
| ३८ | बिमा कम्पनी | ७५०० | | | | |
| ३९ | विमा व्यवसाय एजेन्ट | १००० | | | | |
| ४० | ढुवानी सेवा व्यवसाय प्रति गाडी | १००० | | | | |
| ४१ | टिभी., कम्प्युटर, टेलिफोन, पंखा, डेग, रेडियो, क्यालकुलेटर, घडी, एम्लिफायर, माईक आदि मर्मत | १००० | | | | |
| ४२ | पेय पदार्थ जुस उत्पादन | १००० | | | | |
| ४३ | पाउरोटी, केक, पेस्टि, डुनट उद्योग | १००० | | | | |
| ४४ | नुडल्स उद्योग | १००० | | | | |
| ४५ | कुटानी पिसानी उद्योग | १००० | | | | |
| ४६ | कृषि, मल, बिउ, औजार तथा किटनाशक औषधी | १००० | | | | |
| ४७ | होजियारी पसल | १००० | | | | |
| ४८ | पेट्रोल पम्प | १५००० | | | | |
| ४९ | पोल्ट्री फर्म | २००० | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५० | फलामको घरेलु सामान बिक्री पसल | १००० | | | | |
| ५१ | अलैंची ब्यापार २५ लाख रुपैयाँसम्म | ३५०० | | | | |
| ५२ | खोटो संकलन | ५००० | | | | |
| ५३ | रेडियो, एफ.एम. प्रशारण केन्द्र | १००० | | | | |
| ५४ | ड्राई क्लिनिङ्ग | १००० | | | | |
| ५५ | ढाका बुनाई, बेत बाँस फर्निचर | १००० | | | | |
| ५६ | इँटा, टायल, ब्लक उद्योग | ३००० | | | | |
| ५७ | विरुवा नर्सरी | १००० | | | | |
| ५८ | भाषा प्रशिक्षण कोचिङ्ग सेन्टर | १००० | | | | |
| ५९ | मनि ट्रान्सफर | ३००० | | | | |
| ६० | निजी क्षेत्रका क्याम्पस | १५०० | | | | |
| ६१ | सिनेमा हल | २००० | | | | |
| ६२ | औषधी पसल | ३००० | | | | |
| ६३ | पुल स्नुकर | १००० | | | | |
| ६४ | हस्तकला सामान पसल | १००० | | | | |
| ६५ | मोटर साईकल मर्मत | २५०० | | | | |
| ६६ | बस तथा ह्याभी गाडी मर्मत ग्यारेज | ५००० | | | | |
| ६७ | शैलुन | १००० | | | | |
| ६८ | सामान ढुवानी कर्ता कम्पनी तथा कुरियर्स | १००० | | | | |
| ६९ | चिठ्ठीपत्र कुरियर्स | १००० | | | | |
| ७० | कम्प्युटर प्रशिक्षण केन्द्र | २५०० | | | | |
| ७१ | केबुल ब्यवसाय (इन्टरनेट) | ३००० | | | | |
| ७२ | खनिजजन्य उद्योग | | १५००० | १०००० | ५००० | ३००० |
| ७३ | फलफुल तथा तरकारी खुद्रा पसल | १००० | | | | |
| ७४ | हवाई सेवा | १००० | | | | |
| ७५ | मध्य बजार क्षेत्रभन्दा बाहिरका ग्रामिण क्षेत्रमा खोलिएका किराना पसल तथा साना होटल | ५०० | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७६ | भाँडा उद्योग (३ लाखभन्दा साना) | ५०० | | | | |
| ७७ | भाँडा उद्योग (३ लाखभन्दा माथि) | १५०० | | | | |
| ७८ | निजी क्षेत्रका विद्यालय | २००० प्रा.वि. | | ३००० मा.वि. | | |
| ७९ | निजी क्षेत्रको उच्च मा .वि. | २५०० | | | | |
| ८० | अन्तर्राष्ट्रिय गैरसरकारी संस्था | ५००० | | | | |
| ८१ | तालिम तथा अनुसन्धान केन्द्र | १५०० | | | | |
| ८२ | वैदेशिक रोजगार सेवा प्रदान गर्ने म्यानपावर कम्पनी | ३००० | | | | |
| ८३ | सीपमुलक स्वरोजगार सेवा प्रदान गर्ने संस्था | १५०० | | | | |
| ८४ | जुता चप्पल पसल | १००० | | | | |
| ८५ | भिडियो मेकर, फ्लेक्स प्रिन्टिङ्ग | १००० | | | | |
| ८६ | डिष्टिलरी मदिरा व्यवसाय (थोक बिक्रेता) | ५००० | | | | |
| ८७ | पार्क उद्यान, वनभोज स्थल शुल्क | ५०० | | | | |
| ८८ | कन्सल्टेन्सी संस्था दर्ता | ५००० | | | | |
| ८९ | हाउजिङ्ग कम्पनी तथा घरजग्गा खरिद बिक्री व्यवसाय दर्ता | ५००० | | | | |
| ९० | प्रिन्टिङ्ग प्रेस, छपाई तथा प्रकाशन (अपसेट प्रेस सहित) | २००० | | | | |
| ९१ | कवाडी व्यवसाय | १००० | | | | |
| ९२ | आइसक्रिम बेच्ने पसल | ५०० | | | | |
| ९३ | मुर्ति/ उपहार पसल | १००० | | | | |
| ९४ | सवारी साधन बेच्ने पसल | ५००० | | | | |
| ९५ | पान पसल | ५०० | | | | |
| ९६ | माटोको भाडा पसल | ५०० | | | | |
| ९७ | माइक्रो हाइड्रो (१० किलोवाटसम्म) | २००० | | | | |
| ९८ | माइक्रो हाइड्रो (१० किलोवाटभन्दा माथि) | ५००० | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९९ | हस्तकलाका सामान पसल | ५०० | | | | |
| १०० | वाख्रापालन व्यवसाय | ५०० | | | | |
| १०१ | वंगुरपालन व्यवसाय | ५०० | | | | |
| १०२ | दुग्ध उद्योग | १००० | | | | |
| १०३ | मत्स्यपालन व्यवसाय | ५०० | | | | |
| १०४ | गोलिया काठ चिरान उद्योग | २५०० | | | | |
| १०५ | डिसहोम सेवा कम्पनी | २००० | | | | |
| १०६ | सोलर विद्युत सामग्री पसल | १००० | | | | |
| १०७ | रुद्राक्ष व्यापारी (प्रतिव्यापारी) | ५००० | | | | |
| १०८ | रुद्राक्ष व्यापारी (मुखद्वार दानाको) | बिक्री मूल्यको ५% | | | | |
| १०९ | माछापालन उद्योग | १००० | | | | |
| ११० | माछा जलारी | ५०० | | | | |
| १११ | लेखापरीक्षण आबद्धता वार्षिक शुल्क | १५०० | | | | |

२. समूह, संघ, संस्था तथा निर्माण व्यवसाय वार्षिक दर्ता तथा नवीकरण शुल्क देहाय बमोजिम निर्धारण गरिएको छः-

| क्र.सं. | दर्ता हुने व्यवसायको नाम | दर्ता शुल्क वार्षिक | नवीकरण शुल्क | प्रतिलिपि शुल्क |
|---|---|---|---|---|
| १ | घ वर्गको निर्माण व्यवसाय दर्ता, नवीकरण तथा प्रतिलिपि | १०००० | ७००० | ५००० |
| | घ वर्गको निर्माण व्यवसाय दर्ता, नवीकरण विलम्ब शुल्क एकमुष्ट | | | २००० |
| २ | जलस्रोत उपभोग अनुमतिपत्र /सिचाई /खानेपानी) लाख सम्मको आयोजना २५डिपवोरिङ्ग समेत /लिफ्टीङ्ग दर्ता, नवीकरण तथा प्रतिलिपी | २००० | १००० | १००० |
| ३ | जलस्रोत उपभोग अनुमतिपत्र २५डिपवोरिङ्ग समेत /लिफ्टीङ्ग/सिचाई/खानेपानी) लाख सम्मको आयोजना दर्ता ५० लाख देखि, नवीकरण तथा प्रतिलिपी | ३००० | १५०० | १००० |
| ४ | जलस्रोत उपभोग अनुमतिपत्र /सिचाई /खानेपानी) लिफ्टिङ्ग १ लाख देखि ५० डिपवोरिङ्ग समेत/ करोडसम्मको आयोजना दर्ता, नवीकरण तथा प्रतिलिपी | ५००० | २००० | १००० |

| | | | | |
|---|---|---|---|---|
| ५ | जलस्रोत उपभोग अनुमतिपत्र /सिचाई /खानेपानी) लिफ्टिङ्गकरोड भन्दा माथिका १ डिपवोरिङ्ग समेत/ आयोजना दर्ता, नवीकरण तथा प्रतिलिपी | ७००० | २५०० | १००० |
| | जलस्रोत उपभोग अनुमतिपत्र ढखानेपानी /सिचाई/ लिफ्टिङ्ग डिपवोरिङ्ग/नवीकरण विल्मव शुल्क एकमुष्ट | | | १००० |
| ६ | कृषक तथा पशुपाल समूह दर्ता, नवीकरण तथा प्रतिलिपी | ५०० | २५० | २५० |
| | कृषक तथा पशुपाल समूह दर्ता, नवीकरण विलम्ब शुल्क | | | २५० |
| ७ | अन्य प्रकृतिका समूह संघ संस्था दर्ता, नवीकरण तथा प्रतिलिपी उपभोक्ता समिति समेत | १००० | ५०० | ५०० |
| | अन्य प्रकृतिका समूह संघ संस्था नवीकरण बिलम्ब शुल्क एकमुष्ट | | | ५०० |

नोटः माथि लेखिएका करको दरमा नसमेटिएका विषयहरुमा आर्थिक विधेयक, २०८१ बमोजिम न्यूनतम दर कायम हुने गरि सिफारिस गरिएको छ । व्यवसाय कर प्रयोजनका लागि व्यवसायको श्रेणी विभाजन देहाय बमोजिम पारित गरिएको छः-

| ग श्रेणी | ख श्रेणी | क श्रेणी | कैफियत |
|---|---|---|---|
| रु. ३ लाखसम्म | रु. ३ लाखदेखि १० लाखसम्म | रु. १० लाखभन्दा माथि | |

## अनुसूची ५
### (दफा ६ सँग सम्बन्धित)
### जडिबुटी, कवाडी र जीवजन्तु कर

अरुण गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन्, जडिबुटी, वनकस, कवाडी, माल र प्रचलित कानूनले निषेध गरिएका जिवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ्ग, प्वाख, छालाजस्ता वस्तुको व्यावसायिक कारोबार गरेबापत देहाय बमोजिमको कर लगाइने र असुल उपर गरिनेछः-

| क्र. सं. | राजस्वका क्षेत्रहरु | आ. व. २०८१/२०८२ को दर रु. | कैफियत |
|---|---|---|---|
| १ | उन, जडिबुटी, बनकस, कवाडी, माल र प्रचलित कानुनले निषेध गरिएका जिवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ्ग, प्वाँख, छाला जस्ता बस्तु | ठूलो गाडी प्रति पटक २००० /-<br>सानो गाडी प्रति पटक १०००/- | |
| २ | कवाडी कर | प्रति ट्रक १००० | |

## अनुसूची-६
### (दफा ७ सँग सम्बन्धित)
### सवारी साधन कर

(क) वार्षिक सवारी कर (गाउँपालिका क्षेत्रभित्र) दररेट देहाय बमोजिम स्वीकृत गरिएको छः-

| क्र.सं. | सवारीको प्रकृति | वार्षिक दर्ता शुल्क रु. | नविकरण हुने प्रकृतिको हकमा नविकरण शुल्क वार्षिक रु. |
|---|---|---|---|
| १ | बस, ट्रक तथा अन्य हेभी गाडी | ३००० | |
| २ | भाडाका कार जीप | १००० | |
| ३ | भाडाका मिनीबस | १५०० | |
| ४ | निजी कार, निजी मिनीबस | १००० | |
| ५ | स्कुटर, मोपेड, मोटरसाइकल | १०० | |
| ६ | टेम्पो/अटो तीनपाग्रे सवारी | १५०० | १००० |
| ७ | ठेलागाडा तथा अन्य यस्ता प्रकारका सवारी साधन | ५०० | |
| ८ | ब्याकहोलोडर (वार्षिक) | १५००० | |
| ९ | स्काईभेटर (वार्षिक) | ३०००० | |

(ख) पटके सवारी करको दररेट देहाय बमोजिम पारित गरिएको छः-

| सि.नं. | सवारीको प्रकृति | एक पटकको |
|---|---|---|
| १ | बस, ट्रक, ट्रयाक्टर तथा अन्य ह्याभी सवारी साधनहरु | रु. ३० |
| २ | सानो जीप कार | रु. २० |

## अनुसूची ७
### (दफा ८ सँग सम्बन्धित)
### विज्ञापन कर

अरुण गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा देहाय बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछः-

| सि.नं. | राजश्वका क्षेत्रहरु | आ.व. २०८१/०८२ को दर रु. | कैफियत |
|---|---|---|---|
| १ | होर्डिङ बोर्ड मुख्य सडकहरु प्रति वर्ग फिट | ५० | |
| २ | होर्डिङ बोर्ड मुख्य सडकसँग जोडिएका शाखा सडकहरु प्रति वर्ग फिट | ३० | |
| ३ | होर्डङ बोर्ड अन्यत्र प्रति वर्ग फिट | २० | |
| ४ | फ्लेक्स बोर्ड प्रति वर्ग फिट | १० | |
| ५ | माथि उल्लेखित प्रकरण बाहेकको हकमा प्रति वर्ग | १० | |
| ६ | व्यानर प्रति दुई हप्ता | ५०० | |

| | | | |
|---|---|---|---|
| ७ | व्यानर व्यापारिक प्रति गोटा प्रतिवर्ग फिट (दुई हप्ताका लागि) | २० | |
| ८ | गेट राख्न गाउँपालिकाको स्वीकृति लिएर मात्र प्रतिदिन | १००० | |
| ९ | प्रचार प्रसार सिटी, रिक्सा समेतबाट माइकिङ गरेको प्रतिदिन | ५० | |
| १० | प्रचार प्रसार गाडीबाट प्रतिदिन | १०० | |

## अनुसूची-८
## (दफा ९ सँग सम्बन्धित)
## मनोरञ्जन कर

जिल्ला प्रशासन कार्यालयबाट मेला सञ्चालनको स्वीकृति एवं अनुमति लिई गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्नात्मक प्रवृत्तिका कार्यक्रम, पर्व, मेला वा महोत्सवहरु सञ्चालन गरेबापत प्रति दिन एकमुष्ट रु. ५०००/- लगाइने र असुल उपर गरिनेछ ।

## अनुसूची ९
## (दफा १० सँग सम्बन्धित)
## बहाल बिटौरी शुल्क

आगामी आर्थिक वर्ष २०८१/०८२ देखि अरुण गाउँपालिका वडा नं. ३ स्थित बजार तथा यस गाउँपालिका क्षेत्र भित्रको सबै वडाहरुमा लाग्ने बजारको बिक्रिका लागि राखिने उपभोग्य वस्तुहरुमा लाग्ने हाटबजार करको दर देहाय बमोजिम पारित गरिएको छः-

| क्र.सं. | विवरण | तोकिएको दर रेट रु. | कैफियत |
|---|---|---|---|
| १ | राँगाको मासु पसल (प्रति राँगो) | ५०० | |
| २ | सुँगुरको मासु पसल (प्रति सुँगुर) | २०० | |
| ३ | कुखुरा प्रति गोटा | ५ | |
| ४ | जडीवुटी पसल | २५ | |
| ५ | जिउँदो राँगो प्रति गोटा | ५०० | |
| ६ | खसि, बोका प्रति गोटा | २०० | |
| ७ | जिउँदो सुँगुर प्रति गोटा | २०० | |
| ८ | सुँगुरको पाठो प्रति गोटा | १०० | |
| ९ | खाधान्न सामाग्री पसल | १०० | |
| १० | तरकारी पसल | ५० | |
| ११ | चिउरा पसल | ५० | |
| १२ | डोका नाङ्लो पसल | ५० | |
| १३ | खुद्रा किराना पसल | ५० | |
| १४ | फलफूल पसल | ५० | |
| १५ | कच्चा सूर्ति पसल | ५० | |

| | | | |
|---|---|---|---|
| १६ | इलेक्ट्रोनिक्स सामान पसल | १०० | |
| १७ | हटियाको दिन खोलिने होटल | १०० | |
| १८ | पाउरोटी पसल | ५० | |
| १९ | माटाका भाडा पसल | ५० | |
| २० | तयारी कपडा जुत्ता पसल | १०० | |
| २१ | हरेक माल खुद्रा घुमन्ते पसल | ५० | |
| २२ | खसी बोकाको मासु पसल | २०० | |
| २३ | माछा (आलो) पसल | ५० | |
| २४ | सुकुटी माछा पसल | ५० | |
| २५ | राडी गलैंचा पसल | ५० | |
| २६ | घुमन्ते जादु प्रदर्शनी/ घुमन्ते पसल | १००/५०० | |
| २७ | कस्मेटिक श्रृंगार सामान पसल | ५० | |
| २८ | स्थानीय उत्पादित फलामे औजार पसल | ५० | |
| २९ | अण्डा पसल | १० | |
| ३० | छालाको सामान पसल | १०० | |
| ३१ | चटपटे पसल | ५० | |
| ३२ | झुल तन्ना आदि सामाग्रीको घुमन्ते पसल | १०० | |
| ३३ | धातुका भाँडा पसल | १०० | |

व्यावसायिक प्रयोजनको लागि अन्यत्र लैजाने खसी/बोका बंगुर प्रतिगोटा रु.१०० र गाई, गोरु, राँगा, भैसी प्रतिगोटा रु. २०० निकासी कर कायम गरिएको छ ।

क. ढक तराजुको नाप र इकाइमा विक्री हुने खाद्यान्न, दाल, चामल, आदि सामानहरुको कर निर्धारण गर्ने प्रयोजनका लागि बढीमा ५० के.जी. सम्मको सामानलाई प्रति इकाइ मानी तोकिएको दरमा हटिया कर असुल गर्ने र सो भन्दा वढीको सामानहरुका हकमा प्रति ५०।५० के.जी. को शुरु तोकिएको दरमा खप्ट्याएर हटिया कर असुल गर्न गरी पारित गरिएको छ ।

ख. उल्लेखित निणयमा समावेश हुन छुट भएका सामानहरुको विक्रीको लागि सबै वडाहरुमा लाग्ने हटियामा आएका सामनहरुको रु.२५।- प्रति व्यापारी असुल गर्न पारित गरिएको छ।

**अनुसूची १०**

**(दफा ११ सँग सम्बन्धित)**

**पार्किङ्ग शुल्क**

अरुण गाउँपालिकाको क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत देहाय अनुसार पार्किङ्ग शुल्क लगाइने र असुल उपर गरिनेछ ।

| सि. नं. | राजश्वका क्षेत्रहरु | आ. व. ०८१/८२ को दर रु. | कैफियत |
|---|---|---|---|
| १ | ट्रली, लहरी, ट्रिपर | ५० | |

| | | | |
|---|---|---|---|
| २ | बस, ट्रक, टयाक्टर | ५० | |
| ३ | मिनीबस, मिनीट्रक, माइक्रोबस | ३० | |
| ४ | पिकअप, कार, जीप, भ्यान | २० | |
| ५ | भारती सवारी साधन ट्रली, बस, ट्रक | २५० | |
| ६ | भारतीय सवकरी साधन कार, जीप, भ्यान, माइक्रोबस | १५० | |
| ७ | भारतीय मोटरसाइकल | ५० | |

## अनुसूची ११
### (दफा १२ सँग सम्बन्धित)
### ट्रेकिङ्, कायोकिङ, क्यानोनिङ, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टिङ शुल्क

अरुण गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग ,कायोकिङ, क्यानोनिङ जिपफ्लायर र ,बन्जी जम्पिङ्ग , न्याफ्टिङ सेवा वा व्यवसाय सञ्चालन गरे वापत देहाय बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछः-

| क्र. सं. | राजश्वका क्षेत्रहरु | आ. व. ०८१/८२ को दर रु. | कैफियत |
|---|---|---|---|
| १ | ट्रेकिङ्ग | १००० | |
| २ | कायोकिङ | १००० | |
| ३ | क्यानोनिङ | १००० | |
| ४ | बन्जी जम्पिङ | १००० | |
| ५ | जिपफ्लायर | १००० | |
| ६ | न्याफ्टिङ | १००० | |

## अनुसूची (१२)
### (दफा १३ सँग सम्बन्धित)
### सेवा शुल्क

(क) अरुण गाउँपालिकाको पशुपंक्षी शाखाबाट पशुहरुको परीक्षण उपचार दर्ता शुल्क तपसिल असुल उपर गरिनेछ ।

| क्र.स. | परिक्षण/उपचार विवरण | दर्ता शुल्क | कैफियत |
|---|---|---|---|
| १ | गाई, भैसी, बाछा,बाछी | २० | |
| २ | भेडा, बाखा | १० | |
| ३ | बंगुर | १५ | |
| ४ | कुखुरा | २ | |
| ५ | कुकुर, विरालो | २५ | |
| ६ | हात्ती, घोडा, बाँदर/अन्य | ५० | |
| ७ | सवै प्रकारका जनवारहरुको शव परीक्षण | ५० | |
| ८ | साना पशु उपचार सेवा | १०० | |

| | | | |
|---|---|---|---|
| ९ | ठूला पशु उपचार सेवा | २०० | |
| माइनर सर्जिकल सेवा | | | |
| १ | घोडा | २०० | सुमार्ने (खसिपार्ने) |
| २ | कुकुर, बिरालो, बाँदर | १५० | सुमार्ने (खसिपार्ने) |
| ३ | गोरु | १०० | सुमार्ने (खसिपार्ने) |
| ४ | बोका, थुम्बा | ३० | सुमार्ने (खसिपार्ने) |
| ५ | बंगुर | १०० | सुमार्ने (खसिपार्ने) |
| अन्य सेवा | | | |
| १ | कृतिम गर्भाधान सेवा सामान्य सेमेन | २०० | |
| २ | कृतिम गर्भाधान सेवा सेक्स सेमेन | ५०० | |
| ३ | गर्भ परीक्षण | २०० | |
| ४ | दुध परीक्षण | १०० | |
| ५ | गोबर परीक्षण | २० | |
| ६ | पिसाब परीक्षण | ५० | |

(ख) अरुण गाउँपालिकाले उपलब्ध गराएको विभिन्न सेवा सुविधा एवं सिफारिसमा लाग्ने सेवा, शुल्क तथा सिफारिस दस्तुर निम्नानुसार निर्धारण गर्ने र असुल उपर गरिनेछ ।

| **सि.नं.** | **विवरण** | **दररेट रु.** |
|---|---|---|
| **१ घर नक्सा पास दस्तुर** | | |
| क | पक्की घर (क र ख वर्ग) को नक्सा पास दस्तुर | रु. १० प्रति वर्गफिट |
| ख | पक्की घर (ग वर्ग) को नक्सा पास दस्तुर | रु. ५ प्रति वर्गफिट |
| ग | कच्ची घर (घ वर्ग) को नक्सा पास दस्तुर | रु. १.५ प्रति वर्गफिट |
| घ | नक्सा किताब/दरखास्त फारम दस्तुर | रु. २५०/- |
| ङ | धरौटी रकम पक्की घर (क र ख वर्ग) | रु. कुल भवनको वर्ग फिट * ८ |
| च | धरौटी रकम पक्की घर(ग वर्ग) | रु. कुल भवनको वर्ग फिट * ६ |
| छ | धरौटी रकम कच्ची घर (घ वर्ग) | रु. कुल भवनको वर्ग फिट * ५ |
| **२. घर नक्सा अभिलेखीकरणको दस्तुर सम्बन्धी व्यवस्थाः** | | |
| क | पक्की घर (क र ख वर्ग) को अभिलेखीकरण दस्तुर | रु. १० प्रति वर्गफिट |
| ख | पक्की घर (ग वर्ग) को अभिलेखीकरण दस्तुर | रु. २.५ प्रति वर्गफिट |
| ग | कच्ची घर) घ वर्ग (को अभिलेखीकरण दस्तुर | रु. १.५ प्रति वर्गफिट |
| घ | अभिलेख किताब दरखास्त फारम दस्तुर | रु. ५०/- |
| ३ | घर नक्सा पास तथा अभिलेखको निम्ति नक्सा तयार गर्ने परामर्श दाताको सूचीकृत दस्तुर | रु.३०००/- |
| ४ | घर निर्माण गर्ने निर्माण व्यवासायीको सूचीकृतदर्ता/ दस्तुर | रु.३०००/- |
| ५ | तालिम प्राप्त निर्माण कर्मीआदि दक्ष /डकर्मी/सिकर्मी/ | रु.२०/- |

| | | |
|---|---|---|
| | जनसक्तिकोसूचीकृतदर्ता दस्तुर/ | |
| ६ | घर नामसारी दस्तुर | रु. १५००/- |
| ७ | नक्सा संशोधन | नक्सा पास दस्तुरको २५ प्रतिसत |
| ८ | कित्ता संशोधन | नक्सा पास दस्तुरको २५ प्रतिसत |
| ९ | म्याद थप दस्तुर | नक्सा पास दस्तुरको ५ प्रतिसत |

(ग) अमिन सेवा फिल्डमा प्रयोग (नापजाँच कित्ताकाँट) बापतको दररेट देहाय बमोजिम पारित गरिएको छ ।

| क्र.स. | विवरण | रोपनी | नापजाँच दररेट | किताकाट दररेट |
|---|---|---|---|---|
| १ | अरुण गा. पा. १ देखि ७ नं. वडा क्षेत्र भित्र | १० सम्म | ३००० | १५०० |
| २ | अरुण गा. पा. १ देखि ७ नं. वडा क्षेत्र भित्र | १० देखि २० | ४००० | २००० |
| ३ | अरुण गा. पा. १ देखि ७ नं. वडा क्षेत्र भित्र | २० देखि ३० | ५००० | २५०० |
| ४ | अरुण गा. पा. १ देखि ७ नं. वडा क्षेत्र भित्र | ३० देखि ५० | ६००० | ३००० |
| ५ | अरुण गा. पा. १ देखि ७ नं. वडा क्षेत्र भित्र | ५० भन्दा माथि | ८००० | ४००० |
| ६ | अरुण गा. पा. १ देखि ७ नं. वडा क्षेत्र भित्र | १०० भन्दा माथि | १५००० | ७५०० |
| ७ | घडेरी तर्फ | प्रति घडेरी | ३००० | १५०० |

(घ) अरुण गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहमा नियमनका लागि देहाय बमोजिमको सेवा शुल्क लगाइने र असुल उपर गरिनेछ ।

| क्र.सं. | सेवाको किसिम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | कार्यालयबाट गरिने सामान्य सरजिमिन | ५०० | |
| २ | स्थलगत सरजिमिन | १००० | |
| ३ | नक्कल दस्तुर प्रतिपाना | १० | |
| ४ | हरेक निवेदन दर्ता शुल्क प्रतिगोटा | २० | |
| ५ | व्यवसाय दर्ता निवेदन शुल्क | २०० | |
| ६ | स्थलगत प्राविधिक सेवा शुल्क | ५०० | |
| ७ | साँध सीमाना प्रमाणपत्र पक्की सडक क्षेत्रको | १००० | |
| ८ | साँध सीमाना प्रमाणपत्र कच्ची सडक क्षेत्रको | ५०० | |
| ९ | नागरिकता प्रमाणपत्र सिफारिस/प्रतिलिपि सिफारिस | २५०/५०० | |
| १० | जग्गा नामसारी सिफारिस | ५०० | |
| ११ | नामथर संशोधन सरजिमिन समेत | ५०० | |
| १२ | नामथर संशोधन सिफारिस | ५०० | |
| १३ | निजी जग्गाको रुख कटानका लागि जि.व.का.मा सिफारिस | १००० | |
| १४ | व्यापार व्यवसाय नामसारी दस्तुर | १००० | |
| १५ | घर कायम कच्ची | ५०० | |
| १६ | घर कायम पक्की | ७५० | |

| | | | |
|---|---|---|---|
| १७ | बन्दुक नवीकरण | १५०० | |
| १८ | अस्थायी टहरा निर्माण अनुमति | १५०० | |
| १९ | छुट जग्गा दर्ता प्रति रोपनी | १००० | |
| २० | निजी धारा, विद्युत, टेलिफोन जडान | ५०० | |
| २१ | आचरण सम्बन्धी सिफारिस | १००० | |
| २२ | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क (३५ दिनसम्म निःशुल्क) | २०० | |
| २३ | विवाह प्रमाणीकरण स्वदेशी दुलहीसँग | ५०० | |
| २४ | विवाह प्रमाणीकरण विदेशी दुलहीसँग | १००० | |
| २५ | अविवाहित प्रमाणीकरण | ५०० | |
| २६ | सडक दूरी प्रमाणित | ५०० | |
| २७ | जन्म प्रमाणीकरण | ५०० | |
| २८ | नाता प्रमाणीत | ३५० | |
| २९ | बसोबास प्रमाणीत | ५०० | |
| ३० | नाफामुलक संस्था दर्ता सिफारिस | १००० | |
| ३१ | सेवामुलक संस्था दर्ता सिफारिस | ५०० | |
| ३२ | निजी विद्यालय सञ्चालन सिफारिस | आधारभूत तह १५०० | |
| | | माध्यमिक तह २५०० | |
| ३३ | निजी विद्यालय कक्षा थप सिफारिस | आधारभूत तह १००० | |
| | | माध्यमिक तह १५०० | |
| ३४ | मोही नामसारी सिफारिस | ५०० | |
| ३५ | ठूला उद्योग स्थापना सिफारिस | २००० | |
| ३६ | मझौला उद्योग स्थापना सिफारिस | १००० | |
| ३७ | साना उद्योग स्थापना सिफारिस | ५०० | |
| ३८ | जीर्ण रुखको हाँगाविगा छाँटकाँट स्वीकृती | ५०० | |
| ३९ | नेपाली पेन्सनपट्टा सम्बन्धी सिफारिस | ५०० | |
| ४० | भारतीय पेन्सनपट्टा सम्बन्धी सिफारिस | १००० | |
| ४१ | अन्य मुलुकको पेन्सनपट्टा सम्बन्धी सिफारिस | १००० | |
| ४२ | अपुताली सबन्धी सिफारिस | १००० | |
| ४३ | अंग्रेजी रुपान्तरित प्रमाणित कागजात | प्रति गोटा १००० | |
| ४४ | आय प्रमाणित | | |
| | रु. ५ लाखदेखि १० लाखसम्म | १००० | |
| | रु. १० लाखदेखि १५ लाखसम्म | १५०० | |
| | रु. १५ लाखदेखि २५ लाखसम्म | २००० | |
| | रु. २५ लाखभन्दा माथि | ३००० | |

| | | | |
|---|---|---|---|
| ४५ | जग्गा मूल्याङ्कन मूल्याङ्कित अङ्कको | १ प्रतिशत | |
| ४६ | घुमन्ते जादुगर | ५०० | |
| ४७ | सर्कस, इलेक्ट्रोनिक पिङ समेत प्रतिदिन | ५०० | |
| ४८ | उद्योगधन्दा नामसारी सिफारिस | १००० | |
| ४९ | पेट्रोल पम्प स्थापना सिफारिस | २५०० | |
| ५० | व्यक्तिगत घटना दर्ताको प्रतिलिपि | ५०० | |
| ५१ | विद्युत जडान सिफारिस | ५०० | |
| ५२ | चारकिल्ला प्रमाणित | ५०० | |
| ५३ | अन्य कुनै प्रकारका सिफारिस (वडा कार्यालयबाट गाउँपालिकामा गरिने सिफारिस बाहेक) | ५०० (न्यूनतम) | |
| ५४ | चिलाउने, उत्तिस, पात्ले, सल्लो, लगाएतका कुकाठ, गोलिया निकासी सिफारिस (प्रति ट्रक) | ३००० | |
| ५५ | खयर निकासी सिफारिस शुल्क (प्रति ट्याक्टर, मिनिट्रक र एलपी ट्रक) | ५५००, ८५००, १३००० | |
| ५६ | ज्येष्ठ नागरीक/बालबालिका/अपाङ्गता भएका व्यक्ति/बिरामी/असहाय व्यक्ति/विपन्न | निःशुल्क | |
| ५७ | विद्यार्थी (वैदेशिक प्रयोजनका लागि मात्र) | ५०% छुट | |
| ५८ | तरकारी निकासी सिफारिस (प्रतिभ्यान) | ५०० | |
| ५९ | बाँस निकाशी सिफारिस (प्रतिट्रक) | २५०० | |
| ६० | अदुवा अम्लिसो प्रतिकिलो निकाशी सिफारिस | १.५ | |
| ६१ | अलैंची निकाशी सिफारिस (प्रतिकेजी) | ९ | |
| ६२ | चिराइतो तथा अन्य जडिबुटी निकाशी सिफारिस (प्रतिकेजी) | २.५ | |
| ६३ | दलहन निकाशी सिफारिस (प्रतिकेजी) | २ | |
| ६४ | व्याकहोलोडर प्रयोग बापत (प्रतिघण्टा) | २८८८ | |

(ङ) एम्बुलेन्स सेवा प्रयोग गरे बापतको दररेट देहाय बमोजिम पारित गरिएको छः-

(१) गाउँपालिका सदरमुकाम देखि ३ किलोमिटरभित्र न्युनतम रू.१०००।-

(२) कच्ची सडक ३ किलोमिटर भन्दा माथि थप प्रतिकिलोमिटर रू.२००।-

(३) ग्राभेल सडक ३ किलोमिटर भन्दा माथि थप प्रतिकिलोमिटर रू.१७०।-

(४) पक्की सडक ३ किलोमिटर भन्दा माथि थप प्रतिकिलोमिटर रू.८०।-

(५) अक्सिजन शुल्क सिलिण्डर खर्चको आधारमा हुनेछ ।

**पुनश्चः** गाउँपालिका भित्रका नागरिकहरूको लागि उल्लिखित भाडादरमा १० प्रतिशत छुट हुनेछ ।

**नोटः-**

- गर्भवती महिलाको हकमा जिल्लाभित्र प्रसूति प्रयोजनमा एम्बुलेन्स सेवा निःशुल्क प्रदान गरिनेछ।

- ८४ बर्षभन्दा माथिका जेष्ठ नागरिक, "क" वर्गको अपाङ्गता भएको व्यक्तिको लागि आर्थिक अवस्था अनुसार निःशुल्क वा छुटको व्यवस्था गरिनेछ ।
- अति विपन्न वर्गको नागरिक र बेसहारा बर्गको लागि एम्बुलेन्स सेवा संरक्षण तथा अनुगमन समितिको निर्णय बमोजिम निःशुल्क वा छुटको व्यवस्था गरिनेछ ।

**(च) जनसहभागिता सम्बन्धी**

- खरिद तथा ठोस/पक्की निर्माण कार्य वापत १०% जनसहभागिता अनिवार्य हुनुपर्नेछ।
- कच्ची (कटिङ तथा ग्राभेल) कार्य वापत २०% जनसहभागिता अनिवार्य हुनुपर्नेछ।
- ठोस तथा कच्ची मिश्रित कार्य वापत १५% जनसहभागिता अनिवार्य हुनुपर्नेछ।

## अनुसूची (१३)
## (दफा १४ सँग सम्बन्धित)
## पर्यटन शुल्क

यस गाउँपालिकाको आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुलाई पर्यटन शुल्क लगाइने कार्यलाई यसै आ. व. २०८१/०८२ बाट सुरु गर्न आवश्यक नीति अवलम्बन गरिनेछ ।

## अनुसूची (१४)
## (दफा १५ सँग सम्बन्धित)
## बिक्री तथा निकाशी शुल्क

अरुण गाउँपालिकाको आफ्नो स्वामित्वमा रहेको सम्पत्ती वा आफ्नो रेखदेखमा रहेको सार्वजिक स्थलबाट उत्पादन हुने ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरिढुङ्गा आदि प्राकृतिक एवं खानिजन्य वस्तुहरुको बाह्य निकासीमा देहाय बमोजिमको बिक्री तथा निकासी शुल्क लगाइने र असुल उपर गरिनेछ।

| क्र.सं. | विवरण | संकलन वापत | निकाशी वापत | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | **ढुङ्गा, गिट्टी, बालुवा** | | | | |
| | ट्रिपर (१२ घनमिटर) | ३३५० | ४८० | ३८३० | |
| | ट्रिपर (७ घनमिटर) | १९५५ | २८० | २२३५ | |
| | ट्रिपर (५ घनमिटर) | १४०० | २०० | १६०० | |
| | ट्राक्टर | ५६० | ८० | ६४० | |
| २. | **माटो** | | | | |
| | ट्रिपर | १००० | | | |
| | ट्रक | ५०० | | | |
| | ट्राक्टर | २०० | | | |

पुनश्चः रुद्राक्ष धेरै मुख भएका प्रति गोटाको दरले बिक्रि हुने महङ्गा बिक्रि मूल्यको ५ प्रतिशत र अन्य सामान्य दाना धोएको प्रति कि.ग्रा. रु.१ र नधोएकोलाई ५० पैसा ।

## अनुसूची (१५)
## (दफा १८ सँग सम्बन्धित)
## दण्ड तथा जरिवाना

| सि.नं. | विवरण | आ.व. २०८१/०८२ को दर रु. | कैफियत |
|---|---|---|---|
| १ | ३५ दिनभित्र दर्ता भएका व्यक्तिगत घटना | निशुल्क | |
| २ | ३५ दिन नाघि दर्ता हुने व्यक्तिगत घटना | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ बमोजिम | |
| ३ | गाउँपालिकाले तोकेको निषेधित क्षेत्र तथा छिमेकीलाई असर पर्ने गरी घर छेउ, चोक लगायतका सार्वजनिक क्षेत्रमा फोहोर फाल्नेको हकमा | १००० | फोहोर उठाउन लागेको रकम समेत लिने । |
| ४ | निषेधित प्लास्टिक प्रयोगमा ल्याउनेको हकमा | १०० | |
| ५ | जथाभावि चौपाय छोड्नेका हकमा प्रतिदिन प्रति चौपाया | ५० | ७ दिन सम्म पनि चौपाया लिन चौपाय धनी नआएमा गाउँपालिकाले लिलाम गर्नेछ। |
| ५.१ | खसि, बाख्रा, भेडा, च्याङ्ग्रा आदी | १०० | पाठापाठिको हकमा खुराकी खर्च प्रति दिन रु.७५।- |
| ५.२ | गाई, गोरु, रांगा, भैसी, घोडा, सुंगुर बंगुर, घरपालुवा कुकुर, लगायत | २०० | खुराकी खर्च थप रु १०० प्रतिदीन ।<br>बाछाबाछि र पाडापाडिको हकमा सो को ५०% थप |
| ५.३ | माथि उल्लेखित बाहेकका चौपायाको हकमा | १०० देखि २०० सम्म | खुराकी खर्च थप रु.१००।- प्रति दिन । |
| ६ | मालपोत बक्यौता जरिवाना | गत आ.व. को मालपोत नतिरेको हकमा गत आ.व.को आर्थिक ऐन अनुसार र अन्य आ.व.को हकमा चालु आ.व.को आर्थिक ऐन अनुसार असुल गर्ने। | |
| ७ | झुठ्ठा विवरण पेश गर्नेका लागि | | |

| | | | |
|---|---|---|---|
| ७.१ | उद्योग, व्यापार तथा व्यवसायको विवरण | मूल्याङ्कनको थप ०.१% | |
| ७.२ | गाउँपालिकाले मागेको अन्य विवरण | ५०० | |
| ८ | अर्कालाई अप्ठेरो पार्ने नियतले रुख, पर्खाल लगाउने, घर टहरा निर्माण गर्ने | प्रचलित नेपाल कानूनमा तोकेको भए कानुन बमोजिम हुने। गाउँपालिकाले हटाउँदाको खर्च समेत थप गरी लिने। | |
| ९ | मालपोत, सबै प्रकारका पसल तथा व्यवसाय र अन्य कुनै व्यवसाय गाउँपालिकामा दर्ता नगरी अनुमति बेगर सञ्चालन गरिरहेको वा नवीकरण नगरेको (प्रथम वर्षका लागि) | चालु आ.व.को आर्थिक ऐन बमोजिम | |
| | क) एक वर्ष सम्म नआएकोलाई आधार दरमा थप | २५% | |
| | ख) एक वर्ष देखि माथि दुई वर्ष सम्म नआएकोलाई आधार दरमा थप | ५० % | |
| | ग) दुई वर्ष भन्दा बढी नआएकोलाई आधार दरमा थप | १०० % | |
| १० | सार्वजनिक बाटो लगायत साँध सँधियारीलाई बाधा अवरोध पुग्ने गरी ढल, नाला, चर्पि, सेफ्टि टैंक बनाउनेलाई | २००० | १. गाउँपालिकाले हटाउँदाको खर्च समेत थप गरी लिने ।<br>२. बाटोमा १२ नं. र १३ नं. मा भएको घटनाका आधारमा हुने सम्भावित हानि नोक्सानीको जिम्मेवारी समेत सम्बन्धित व्यक्तिबाटै असुल उपर गर्ने । |
| ११ | इजाजत विना सार्वजनिक स्थान, बाटो, घोडेटो, गोरेटो घेर्ने, गाई वस्तु बाँध्ने, माटो, गिटी, बालुवा तथा ढुंगा लगायतका सामान राखी आफ्नो प्रयोगमा ल्याउनेलाई | १५०० | |
| १२ | बिना अनुमति सार्वजनिक सम्पतिको | २५०० | त्यस सम्पतिलाई दुरुस्त पार्न |

| | | | |
|---|---|---|---|
| | हानि नोक्सानी, अतिक्रमण वा अपचलन गर्ने | | लाग्ने खर्च समेत थप असुल गर्ने । |
| १३ | बिना अनुमति सार्वजनिक जग्गामा वा त्यस्तो जग्गा मिची घर, टहरा आदी निर्माण गर्ने | ५००० | घर टहरा भत्काउदा र हटाउँदा लागेको खर्च समेत असुल गर्ने । |
| १४ | कुनै किसिमका यन्त्र उपकरण जोडि वा कुनै उपकरण वा मनोरञ्जनका साधनद्वारा छरछिमेक वा समाजमा शान्ति भङ्ग हुने कृयाकलाप गर्नेलाई | १०० | हटाउँदा लागेको खर्च समेत असुल गर्ने । |
| १५ | पसलहरुमा मूल्य सूची नराख्नेलाई | १५०० देखि ५१०० सम्म | व्यवसायको प्रकृति हेरी अनुगमन टोलिको सिफारिसमा कार्यपालिकाले निर्णय गर्ने |
| १६ | निशेधित क्षेत्रबाट ढुंगा, गिटि, बालुवा, माटो लगायतका चिज बस्तु निकालेमा वा निकासी गरेमा | | |
| क | प्रति ट्याक्टर | ६००० | प्रतिपटक दोब्बर हुँदै जानेछ। |
| ख | प्रति टिपर | १८००० | प्रतिपटक दोब्बर हुँदै जानेछ। |
| ग | नदीजन्य सामाग्रीको हकमा नम्बरी जग्गाबाट समेत निकाल्न पाईने छैन । यदी निकालेको हकमा सम्बन्धित जग्गा धनीलाई एकमुष्ठ | १०००० | प्रतिपटक दोब्बर हुँदै जानेछ। |

- यसका साथै उल्लिखित कर तिर्ने दायित्व भएका ब्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिन सकिने छैन र अन्य कर तथा शुल्क सङ्कलन सम्बन्धी निश्चित ऐन, नियम, कार्यविधि तथा कानूनी प्रकृया पूरा गरी गाउँपालिकाले तोके बमोजिम निर्धारण गरी लागू गर्न सकिनेछ ।
- उल्लिखित कर तथा सेवा शुल्क प्रत्येकको फरक फरक कर लगाउँदा भौगोलिक कठिनाईका कारण संकलन गर्न कठिनाई हुने भएकोले कुनै एक वा सोभन्दा बढी अनुसूचीमा उल्लेखित विवरण भएको दररेटलाई एकमुष्ट ठेक्का व्यवस्था गर्न सकिनेछ ।

**नोट :-**

१. गाउँपालिका क्षेत्रभित्रका फरक क्षमता भएका, आर्थिक अवस्था कमजोर भएका तथा प्राकृतिक प्रकोप जस्ता सिफारिसहरुमा प्रकृति हेरी कर छुट दिन सकिनेछ ।

२. राजश्वका शीर्षकहरु नेपाल सरकारले तोके बमोजिम हुनेछ । स्थानीय तहका राजश्व शीर्षकहरु नतोकिएसम्म यसै बमोजिम गरिनेछ ।

**आज्ञाले**
**मणिराम खतिवडा**
**प्रमुख प्रशासकीय अधिकृत**